नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.वि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक ६० २०८० साल असोज ११ गते बिहीबार (28 Sep. 2023 Thursday) मूल्य रु. ५/-

**Log in :** *rajbirajdainik.com.np*

चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं।
चाडपर्वमा फजुल खर्च नगरौं

हाम्रा साँस्कृतिक पर्वहरुको जगेर्ना गरौं।
मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं।

*यस अंक भित्र :* २ पृष्ठमा : सहरीको सहमतिबिना सामान्य प्रशासन.. ३ पृष्ठमा : आइएसबिएन नम्बर वितरणमा ... ३ पृष्ठमा : निज्जर हत्यामा भारत ...

# विद्यालयमा छड्के अनुगमन



**दैनिक समाचारदाता राजविराज, १० असोज ।**

सप्तरीका अधिकांश सामुदायिक विद्यालयमा नियमित पठनपाठन हुने नगरेको भन्दै जनगुनासो आएपछि बुधबार विद्यालयहरुमा छड्के अनुगमन गरिएको छ ।

प्रदेशसभा सदस्य, जिल्ला समन्वय समितिका प्रमुखसहितका टोलीले सो छड्के अनुगमन सुरु गरेको हो ।

पहिलो दिन राजविराज नगरपालिका ११ फसैंठस्थित श्री ज्ञानज्योती लडुबत्ति देवनारायण यादव प्राथमिक विद्यालय तथा आधारभुत विद्यालयको छड्के अनुगमन गरिएको छ ।

अनुगमन टोलीमा प्रदेश सांसद किरणकुमार साह, जिल्ला समन्वय समिति सप्तरीका प्रमुख शिवनारायण साहलगायत सहभागि छन् । टोलीको नेतृत्वकर्ता प्रदेश सांसद साहले विद्यार्थी र विद्यालयको समस्या बुझ्नुका साथै सामुदायिक विद्यालयको अवस्था सुधारका लागि छड्के अनुगमन थालिएको जानकारी दिइन् ।

अनुगमनका क्रममा विद्यालयहरुमा देखिएको दुरावस्था बारे चिन्ता व्यक्त गर्दै उनले विद्यार्थी उपस्थिति संख्या पनि घट्दै गएकोमा सामुदायिक विद्यालयको शैक्षिक अवस्थालाई गुणस्तरिय र विश्वसनिय बनाउनुका लागि कुनै कसर बाँकी नराख्ने प्रतिबद्धता जनाइन् ।

सोही अवसरमा विद्यार्थीहरुले शौचालयको समस्याका साथै एउटै चापाकलमा धेरै विद्यार्थीले पानी पिउनु पर्ने बाध्यता रहेको गुनासो पोखेका थिए । फसैंठको आधारभुत विद्यालयमा १ सय ७९ जना विद्यार्थी छन् । तर सांसदसहित टोली अनुगमनमा जाँदा ७६ जना विद्यार्थी मात्रै उपस्थित थिए । अधिकांश विपन्न तथा दलित परिवारका विद्यार्थी पढ्ने उक्त विद्यालयमा नियमित रुपमा ७०/८० जना मात्रै आउने गरेको विद्यार्थीहरुले टोलीलाई सुनाएका थिए ।

अनुगमनका क्रममा प्रधानाध्यापक रुद्रानन्द झाले साधन श्रोतले भ्याएसम्म विद्यालयमा आकर्षण गराउन तथा शैक्षिक गुणस्तरमा सुधार ल्याउन आवश्यक पहल गर्ने प्रतिबद्धता टोलीसमक्ष व्यक्त गरेका थिए ।

टोलीमा सहभागि जिल्ला समन्वय समितिका प्रमुख साहले अनुगमनका क्रममा देखिएका त्रूटी सच्याउन दुबै विद्यालयका प्रधानाध्यापकलाई निर्देशन दिँदै अर्को पटक आउँदा ती सबै समस्याको समाधान गर्न सचेत गराएका थिए ।

जिल्ला भित्रका सामुदायिक विद्यालयहरुको शैक्षिक अवस्था सुधार तथा विद्यार्थीको आकर्षण बढाउन छड्के अनुगमन थालिएको टोलीले जनाएको छ । विद्यालय पुगेर सांसद साह नेतृत्वको टोलीले त्यहाका विद्यार्थी र शिक्षकसँग साक्षात्कार मात्र गरेनन् केही बेर विद्यार्थीलाई पढाउने काम समेत गरे ।

# आज सार्वजनिक बिदा

मधेश प्रदेश सरकार
गृह, सञ्चार तथा कानुन मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल

प.सं. :२०७९/८०
च.नं. :

मिति:२०८०/०६/१०

सार्वजनिक बिदा सम्बन्धी सूचना

मुस्लिम समुदायहरुको विशेष पर्व "पैगम्बर मोहम्मदको जन्म दिन" २०८० सालमा मधेश प्रदेशमा सार्वजनिक बिदा दिने भनि मधेश प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७९/१२/०९ मा निर्णय भएको र "पैगम्बर मोहम्मदको जन्म दिन" २०८० साल असोज ११ गते बिहिवारका दिन परेकोले उक्त दिन मधेश प्रदेशमा सार्वजनिक बिदा दिने भनि माननीय मन्त्रिस्तरबाट मिति २०८०/०६/१० मा निर्णय भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

उत्तम प्रसाद खरेल
नि.प्रदेश सचिव

**दैनिक समाचारदाता राजविराज, १० असोज ।**

मधेश प्रदेश सरकारले बिहीबार प्रदेश भर सार्वजनिक बिदा दिएको छ ।

मुश्लिम समुदायको विशेष पर्व "पैगम्बर मोहम्मदको जन्म दिन" को अवसरमा सो बिदा दिइएको प्रदेश सरकार गृह, संचार तथा कानुन मन्त्रालयका निमित्त सचिव उत्तम प्रसाद खरेलद्वारा बुधबार जारि विज्ञप्तिमा उल्लेख छ ।

***बाँकी अन्तिम पृष्ठमा***


## राजविराज नगरपालिका

७ नं. वडा कार्यालय

पत्र संख्या:-२०८०/०८१
च.नं.

मिति:-२०८०/०६/१०

सुचना ! सुचना !! सुचना !!!

**बिषय : आ.ब.२०८०/०८१ को योजना छनोट सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी राजविराज नगरपालिका वडा नं. ०७ को आ.ब.२०८०/०८१ को वडा स्तरिय योजना छनोट गर्न का लागी वडा भेला गर्नु पर्ने भएकोले वडाका समाजसेवी , जेष्ठ नागरिक, बुद्धिजिवी, पत्रकार, नागरिक समाज , राजनितिक दल तथा वडा बासीहरुमा तपसिल बमोजिम मिति र समयमा उपस्तिथी भई दिनु हुन अनुरोध छ ।

तपसिल
मिति : २०८०/०६/११
समय : बिहान ०८:०० बजे
स्थान : वडा कार्यालय

सभाष चन्द यातत
वडा अध्यक्ष

## चाय चर्चा प्रा.लि.

राजविराज, सप्तरी

**कर्मचारी आवश्यकता**

**पहिलो पटक प्रकाशित सूचना मितिः २०८०/०६/११ गते**

यस चायचर्चा प्रा.लि. मा तपसिल बमोजिमको कर्मचारी आवश्यकता भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र तोकिएको कागजातसहित दरखास्त दिनहुन यो सूचना प्रकाशित गरिएको छ।

| क.सं. | विज्ञापन नं. | पद | माग संख्या |
|---|---|---|---|
| १ | १/२०८०/०८१ | बिक्रि व्यवस्थापक | १ (एक) जना |
| २ | २/२०८०/०८१ | भान्से | १ (एक) जना |

**आवश्यक न्यूनतम योग्यता:**
१.विज्ञापन नं. १/२०८०/८१ को लागि कक्षा १२ उत्तीर्ण गरेको हुनुपर्ने ।
२.विज्ञापन नं. २/२०८०/८१ को लागि कक्षा १० उत्तीर्ण गरेको हुनुपर्ने वा सामान्य लेखपढ गर्न सक्ने तथा चिया, खाजा र खाना बनाउन सक्ने हुनुपर्ने ।
३.दुवै पदका लागि योग्यता पुगेको व्यक्तिलाई मान्यता दिइनेछ ।

**परीक्षाको किसिम :** मौखिक ।
**तलब स्केल:** संस्थाको नियमानुसार ।
**संलग्न गर्नुपर्ने कागजातहरू:**
१.पासपोर्ट साइजको फोटो र नेपाली नागरिकताको छाँया प्रति
२.शैक्षिक योग्यताको प्रमाणपत्रहरूको छाँया प्रति
३.बायोडाटा

विज्ञापन सम्बन्धी थप जानकारीको लिनको लागि +९७७-९८६०-३९९-३९९ मा सम्पर्क गर्नुहोला । कर्मचारी भर्ना सम्बन्धी अन्तिम निर्णय संस्थामा निहित हुनेछ ।

## स्तनपानः बालबालिकालाई वरदान

आमाको दूध बालबालिकाका लागि अमृत समान हुन्छ।
त्यसैले,
➤स्वास्थ्यकर्मीहरुले आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तु सिफारिस गर्नु हुँदैन,
➤आमाको दूधको विकल्पमा बट्टाको दूध, दूधदानी जस्ता वस्तुको प्रबर्द्धन गर्नु हुँदैन,
➤त्यस्ता वस्तुको उत्पादक वा वितरकबाट कुनै पनि किसिमको नमूना लिने तथा आर्थिक वा भौतिक उपहार लिनु हुँदैन।

त्यस्तो कार्य गरेको पाईएमा आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्रि वितरण नियन्त्रण) ऐन, २०४९ अनुसार कारवाही हुनेछ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### सूचनामा आमजनताको पहुँच आवश्यक

सूचना भनेको सबैलाई जानकारी हुनु हो । यसलाई लुकाएर नभएर सार्वजनिक गर्ने विषय बस्तु बुझ्नुपर्छ । यो पाउने अधिकार सबै आम नागरिकको हो । कोही पनि सूचना पाउनबाट बञ्चित हुनुहुँदैन् । सूचना भनेको अरुलाई दिएर पारदर्शि गर्नु हो । जनतालाई सरोकार राख्ने हरेक विषयलाई पारदर्शि गर्नुपर्दछ । सानो भन्दा सानो कुरालाई जनतासामु सार्वजनिक गरेर लैजानु पर्छ ।

तर यहाँ अहिले सूचना सार्वजनिक गर्नु भन्दा पनि लुकाउने बढी छ । सूचना नदिएर आफूलाई ठूलो बहादुर ठान्ने गर्छन् । विभिन्न कार्यालयहरुबाट सूचना पाउनका लागि केही नियम हुन्छन् । ती नियम तहत सूचना पाउन कुनै गाह्रो हुँदैन् । तर सूचनाका लागि नियम सम्वत प्रक्रिया पुऱ्याएर निवेदन दिँदा पनि सूचना पाउन सहज छैन् । राष्ट्रिय सूचना आयोगमा कुनै पनि सरोकारवाला निकायले सूचना नदिए सिधै उजुरी दिने प्रावधान छ । यही प्रावधानलाई आम जनताले टेकेर उजुरी दिने गर्छन् । सूचना कीन दिइदैन् ? आफुखुशी काम गर्ने उद्देश्य, रकमको प्रलोभन, गलत काम गर्ने नियत लगायतका हुन सक्छन् ।

कसैलाई पनि सूचनाको अधिकारबाट बञ्चित गर्न भनेको कानुन विपरीत कार्य सम्झनुपर्दछ । तसर्थ कुनै पनि सूचना माग गर्दा दिइने निवेदनको आधारमा सूचना दिनु पर्छ भन्ने मानसिकताको विकास गर्नु आवश्यक छ ।

# सहरीको सहमतिबिना सामान्य प्रशासन मन्त्रालयद्वारा कर्मचारीको सरुवा

काठमाडौं, १० असोज (रासस) । सहरी विकास मन्त्रालयको जानकारी बेगर नै सो मन्त्रालयका विभाग/कार्यालय/आयोजनामा कार्यरत प्राविधिक कर्मचारीको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले अन्य निकायमा सरुवा गरेपछि समस्या उत्पन्न भएको छ ।

यसले गर्दा सहरी मन्त्रालयको कार्यक्रम कार्यान्वयनमा गम्भीर समस्या उत्पन्न भएकाले मन्त्रालयअन्तर्गतका प्राविधिक कर्मचारीको सरुवा गर्दा मन्त्रालयसँग समन्वय गरेर मात्र गरिदिन सहरी मन्त्रालयले सामान्य मन्त्रालयलाई अनुरोध पठाउने भएको छ ।

सहरी मन्त्रालयको मंगलबार सम्पन्न समीक्षा बैठकले सो सम्बन्धमा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गरी पठाउने र सोको जानकारी प्रधानमन्त्री तथा मन्त्रपरिषद्को कार्यालयलाई दिने निर्णय गरेको हो ।

यसैगरी बैठकले मन्त्रालयको आर्थिक वर्ष ०८०/८१ को वित्तीय र भौतिक प्रगति वृद्धि गर्न महाशाखा, विभाग, आयोजना र मातहतका सबै निकायले प्रत्येक महिनाको पहिलो हप्तामा आन्तरिक बैठक बसी समस्याको पहिचान र तत्काल समाधान गर्नुपर्ने काम पहिचान गरी सोको जानकारी मन्त्रालयलाई दिने निर्णय गरेको छ ।

बैठकले प्रत्येक महिनाको तेस्रो हप्ता मन्त्रालयमा विभागीय प्र.म.ख/आयोजना प्रमुख/कार्यालय प्रमुखको समीक्षा बैठक बसी आयोजनाको समस्या समाधान गर्न समन्वय र सहजीकरण गर्ने निर्णय गरेको मन्त्रालयले जनाएको छ ।

मन्त्रालयअन्तर्गतका सबै केन्द्रीय निकाय र आयोजनाको तल्लो एकाइ/निकायमा कार्य प्रगति बृद्धि गर्न अनिवार्यरूपमा दोस्रो र तेस्रो चौमासिकमा मन्त्रालय/विभागले स्थलगत अनुगमन, मूल्याङ्कन गरी संस्थागत अभिलेखीकरण गर्ने बैठकको निर्णय छ ।

मन्त्रालयअन्तर्गतका कार्यक्रम अन्य सङ्घीय मन्त्रालय/कार्यालय, प्रदेश, स्थानीय तहहरूसँग समेत दोहोरिएका देखिएकाले यस्ता कार्यक्रम कार्यान्वयन गर्दा सम्बन्धित सङ्घीय कार्यालय, प्रदेश कार्यालय र स्थानीय तहहरूलाई जानकारी गराई कार्यान्वयन गर्न मन्त्रालयका दुवै विभागले मातहतका कार्यालयलाई जानकारी गराउने बैठकको निर्णय छ ।

बैठकमा सहरी विकासमन्त्री सीता गुरुङले मन्त्रालयको वित्तीय र भौतिक प्रगति वृद्धि गर्न महाशाखा, विभाग, आयोजना र मातहत निकायका प्रमुखलाई निर्देशन दिनुभएको थियो ।

बैठकमा काठमाडौं उपत्यका विकास प्राधिकरण, नगर विकास कोष, राष्ट्रिय आवास कम्पनी, अधिकार सम्पन्न बाग्मती सभ्यता एकीकृत विकास समिति, सङ्घीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय, राष्ट्रिय भवन प्रविधि अनुसन्धान केन्द्र, अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र र सबै कार्यान्वयन एकाइ/कार्यालय/आयोजनाका प्रमुखको सहभागिता थियो ।

# खाद्यवस्तुको मूल्यवृद्धि नियन्त्रण गर्न सरकारको ध्यानाकर्षण

काठमाडौं, १० असोज (रासस) । दशैँगायतका चाडबाडमा नजिकिँदै गर्दा चिनीलगायत दैनिक उपभोग्य वस्तुमा भइरहेको अस्वभाविक मूल्यवृद्धि र कालोबजारी नियन्त्रणका लागि सांसदहरूले सरकारलाई सजग र सचेत रहन सुझाव दिनुभएका छ ।

प्रतिनिधिसभा अन्तर्गतको सार्वजनिक लेखासमितिको बुधबारको बैठकमा भाग लिने अधिकांश सदस्यहरूले चाडबाडका समयमा कृत्रिम अभाव सिर्जना गरी हुनसक्ने भन्दै त्यस्ता गतिविधमा समयमै ध्यान पुऱ्याउन समितिमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो ।

बैठकमा सदस्य गोकुलप्रसाद बाँस्कोटाले चिनी उत्पादन र आयातकर्ता तथा सरकारबाट सहयोग प्राप्त गर्ने एउटै व्यक्ति भएकाले हरेक वर्ष चाडबाडका समयमा अभाव सिर्जना हुँदै आएको जिकिर गर्दै दैनिक उपभोग्य वस्तु सहज र सुलभ मूल्यमा प्राप्त गर्ने जनताको अधिकारलाई सुनिश्चित गर्न जोड दिनुभयो ।

सदस्य राजेन्द्रप्रसाद लिङ्देनले दैनिक उपभोग्यवस्तुमा भइरहेको कालोबजारी र महँगीले उपभोक्ता मारमा परेको भन्दै त्यसतर्फ सरकारको बेलैमा ध्यान जाओस् भनी अपिल गर्नुभयो । सांसदद्वय अच्युत मैनाली र देवप्रसाद तिमिल्सिनाले आवश्यकता भन्दा लाभको दृष्टिकोणबाट मल आयात भएकाले वास्तविक किसानले नभइ अरुले नै फाइदा लिइरहेको बताउनुभयो ।

समिति सदस्य अर्जुननरसिंह केसीले दशैंको मुखमा कालोबजार मौलाएका अत्यावश्यक खाद्य सामग्रीलगायतमा मूल्यवृद्धि भइ आम जनता त्यसको मारमा परेको भन्दै त्यसतर्फ आवश्यक कदम चाल्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सासद रामकृष्ण यादवले आर्थिक संकट र महङ्गीले अप्ठेरामा परेका जनतालाई अप्ठेरोमा पार्ने हिसावले केही सीमित व्यापारीले कार्टेलिङ गरी छोटो समयमा धेरै धन कमाउने उद्देश्यले गलत क्रियाकलातर्फ लागेको भन्दै कारबाहीको माग गर्नुभयो ।

समिति सदस्य तारा लामाले चाडबाडका समयमा अत्यावश्यक खाद्य सामग्री चामल र दालबाहेक चिनीको प्रयोग र खपत कम गर्न जनतालाई आह्वान गर्न आवश्यक रहेको धारणा राख्नुभयो ।

सांसद लेखनाथ दाहालले समितिको प्रभावकारिता बढाउन छलफल र निर्णय गर्ने एजेण्डा प्राथमिकीकरण गर्न, विगतका उजुरी र निर्णय कार्यान्वयनको अवस्था बुझ्न तथा निर्णयलाई अलपत्र पार्ने निर्णय नगर्न सभापतिमार्फत बैठकलाई अनुरोध गर्नुभयो ।

समिति सदस्य योगेश भट्टराईले सरकार गठनका समयमा दलहरूबीच राष्ट्को ढुकुटीको अवस्थालाई विश्लेषण गर्दै नयाँ सवारी साधन नकिन्ने र अत्यावश्यक बाहेक बिदेश भ्रमण नगर्ने भनेपनि त्यसको ठाडो उल्लंघन भएको भनी आलोचना गर्नुभयो ।

समिति सदस्य श्यामकुमार घिमिरेले अधिकाश सार्वजनिक संस्थानको आर्थिक अवस्था कमजोर रहेकाले अनुदान दिएर कतिन्जेल धान्ने भनी प्रश्न गर्दै बढिरहेको महङ्गी र कालोबजारको मारमा उपभोक्ता परेकाले त्यसमा सरकारले अनुगमन समयन्वलाई प्रभावकारी तुल्याउन आवश्यक रहेको बताउनुभयो ।

सासद मनिष झाले समितिमा हुने छलफल सामाजिक सञ्जालबाट प्रशारण गर्न तथा बाहिरबाट सस्तो मूल्यमा चिनी ल्याएर यहीँको उत्पादनको स्टिकरलगाउने कार्य रोक्न सरकारको ध्यानकर्षण गराउनुभयो ।

सभापति ऋषिकेश पोखरेलले समितिले बेरुजु फर्यौटलगायत छलफलका लागि तयार गरेको विषयबस्तुबारे जानकारी गराउँदै त्यसको प्राथमिकीकरणका लागि सुझाव प्रस्तुत गर्न अनुरोध गर्नुभयो ।

समिति सदस्य अमनलाल मोदीले समितिले दिने निर्णय कार्यान्वयन र परिपालनाको अवस्था र स्थितिबारे जानकारी माग गर्न आवश्यक रहेको बताउनुभयो । सांसद सञ्जयकुमार गौतमले ठूलो होइन, ठोस कुरा गर्न तथा नीतिगत भ्रष्टाचार रोक्न सरकारलाई खवरदारी गर्न आवश्यक रहेको बताउनुभयो ।

# कीर्तिमानले भरियो नेपाल र मङ्गोलियाबीचको खेल

काठमाडौं, १० असोज (रासस) । चीनको हाङझाउमा जारी १९औं एसियाली खेलकुद, २०२२ अन्तर्गतको पुरुष क्रिकेट प्रतियोगितामा बुधबार बिहान सम्पन्न नेपाल र मङ्गोलियाबीचको खेलमा नेपालले २७३ रनको कीर्तिमानी जित हात पारेको छ । पहिले ब्याटिङ गरेको नेपालले निर्धारित २० ओभर खेल्दै ३१४ रन बनाउने क्रममा विभिन्न कीर्तिमान कायम गऱ्यो ।

नेपालले बनाएको ३१४ रनको टी२० अन्तर्राष्ट्रिय क्रिकेटमा हालसम्मकै सबैभन्दा उच्च योगफल हो । यसअघि यो कीर्तिमान सन् २०१९ मा अफगानिस्तानले आयरल्याण्डविरुद्ध देहरादुनमा बनाएको थियो । उक्त खेलमा अफगानिस्तानले तीन विकेटको क्षतिमा दुई सय ७८ रन बनाएको थियो ।

नेपालको विशाल योगफल बनाउने क्रममा कुशल मल्लले पनि नयाँ कीर्तिमान कायम गरेका छन् । उनी टी२० अन्तर्राष्ट्रिय

बाँकी अन्तिम पृष्ठमा

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# आइएसबिएन नम्बर वितरणमा अनियमितता भएको आरोप

काठमाडौं, १० असोज (रासस) । कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयअर्न्तगतको केन्द्रीय पुस्तकालयमा अन्तरराष्ट्रियस्तरको पुस्तक नम्बर(आइएसबिएन) मा अहिलेसम्म करिब ६० हजार पुस्तक दर्ता भएका छन् । तीमध्ये पुस्तकालयमा २७ हजार पुस्तक मात्रै प्राप्त भएको जनाइएको छ । नेपालबाट प्रकाशित हुने पुस्तकलाई अन्तरराष्ट्रिय बजारमा लैजानका लागि सो आइएसबिएन नम्बर अनिवार्यरूपमा लिनुपर्ने हुन्छ ।

पुस्तक प्रकाशकले सो आइएसबिएन प्राप्त गरेपछि पुस्तकलाई विश्व बजारमा किनबेच गर्न सकिन्छ । आइएसबीएनको व्यवस्थाले नेपालबाट के कति पुस्तक प्रकाशित भए भनेर अभिलेख राख्नसमेत सहज हुने केन्द्रीय पुस्तकालयका निमित्त प्रमुख सागरराज सुवेदी बताउनुहुन्छ ।

सन् २००० मा नेपालले यसको सदस्यता प्राप्त गरेको थियो भने २०५६ माघ २२ गते तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले आइएसबिएनको शुभारम्भ गर्नुभएको थियो । त्यतिबेला इन्टरनेसनल स्टान्डर्ड बुक नम्बरको केन्द्रीय कार्यालय जर्मनीमा रहेकामा हाल बेलायतको लन्डनमा रहेको छ । सो कार्यालयले आइएसबिएन वितरणको जिम्मा नेपालमा भने त्रिवि केन्द्रीय पुस्तकालयलाई प्रदान गरेको छ ।

पुस्तकहरुलाई प्रदान गरिने अन्तरराष्ट्रिय मानक पहिचान निःशुल्क नै दिने सो कार्यालयको प्रावधान रहे पनि नेपालमा भने शुल्क लिने गरिएको र त्यसवापत जम्मा हुने रकमको सदुपयोग नभएको नेपाल पुस्तक सङ्घले दाबी गरेको छ । यसमा छानबिन गरी आइएसबिएनबापत उठाइने रकमको नियमन गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, त्रिवि उपकुलपतिको कार्यालय, केन्द्रीय पुस्तकालयलगायत विभिन्न निकायसमक्ष ज्ञापनपत्र बुझाएको छ । यसरी लिने गरिएको रकमको कुनै अभिलेख नभएको र अमुक संस्थासँग मिली भागबन्डाका रूपमा प्रयोग गर्ने गरिएको ज्ञापनपत्रमा उल्लेख छ । केन्द्रीय पुस्तकालयले सुरुमा रु २५ बाट सुरु भएर हाल रु तीन सय लिने गरेको छ ।

पुस्तकलाई दिइने यस्तो नम्बर विश्वव्यापीरूपमा मेसिनद्वारा पुस्तक पहिचान गरी प्रयोग गर्ने उद्देश्यले बनाइएको हो, तर व्यवहारमा भने त्यसो भएको पाइएको छैन । नेपाली प्रकाशक तथा लेखकहरूलाई निःशुल्क दिनुपर्ने उक्त आइएसबिएन वापत रकम लिएर गर्ने गरेको भए पनि उपयुक्त ढङ्गबाट त्यसको दर्ता भएको पाइएको छैन । क्रमाङ्क नम्बर वितरण पद्धतिलाई सूचना प्रविधिको माध्यमबाट व्यवस्थित नगरी झारा टार्ने काम मात्र गरिनुले सम्पूर्ण नेपाली प्रकाशक तथा लेखकहरूमाथि अन्याय भएको सङ्घका महासचिव महेन्द्र सिवाकोटीले बताउनुभयो । नेपाली नागरिकले बुझाएको रकम सरकारी कोषमा दाखिला हुनुपर्नेमा त्यसो नगरी भागवण्डामा दुरुपयोग भएको हुँदा यसको तत्काल निस्पक्ष छानबिन गरी दोषीलाई कारवाही हुनुपर्ने, त्यसो नभएमा अदालतमार्फत कानुनी उपचार खोजिने उहाँको भनाइ छ ।

हालसम्म उक्त क्रमाङ्कबापत उठेको लगभग एक करोड साठी लाख रुपैयाँबाट प्रकाशक र लेखकहरूबाट उपलब्ध गराएका पुस्तकहरूको छुट्टै पुस्तकालय स्थापना गर्नुपर्ने र त्यसका लागि आवश्यक भौतिक संरचना र सामग्री किन्ने भनिए पनि हालसम्म त्यस्तो कुनै पनि काम भएको सङ्घले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

यता पुस्तकालयका निमित्त प्रमुख सुवेदीले भने आइएसबिएनबापत उठेको रकममा कुनै हिनामिना नभएको, पारदर्शी ढङ्गबाट हिसाब राखिएको र निश्चित प्रक्रियाअनुसार नै खर्च हुने हुँदा अनियमित नभएको बताउनुभयो । उहाँले २०५६ सालदेखि पुस्तक विक्रेता तथा प्रकाशन सङ्घसँगको सहकार्य रहँदै आएको बताउँदै २०६९ सालतिर नेपाल पुस्तक सङ्घ दर्ता भई आफूहरूलाई पनि यसमा समावेश गर्न आग्रह गर्नुभएकामा त्यसो नहुँदा असन्तुष्टि व्यक्त भएको हुनसक्छ भन्नुभयो ।

# जानकारी दिन सूचना पाटी राख्नुहोस् : स्वास्थ्य मन्त्रालय

काठमाडौं, १० असोज (रासस) । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले चिकित्सकमाथि दुर्व्यवहार तथा स्वास्थ्य संस्थामा आक्रमण गर्ने व्यक्तिलाई कारबाही हुने कानुनी व्यवस्थासम्बन्धी जानकारी समेटिएको सूचना पाटी राख्न सबै स्वास्थ्य संस्थालाई परिपत्र गरेको छ ।

मन्त्रालयले स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी ऐन, २०६६ को दफा ३ र दफा १५ को कानुनी व्यवस्थालाई सेवाग्राही एवं सरोकारवाला सबैले देखिने गरी जानकारीमूलक सूचना पाटी 'फ्लेक्स बोर्ड' बनाई अस्पताल परिसरमा राख्न निर्देशन दिएको छ ।

उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठ र स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री मोहनबहादुर बस्नेतसँग नेपाल मेडिकल काउन्सिल, नेपाल नर्सिङ काउन्सिल र नेपाल नर्सिङ एसोसिएसन लगायतका विभिन्न स्वास्थ्यका ट्रेड यूनियनहरूबीच मङ्गलबार छलफल भएको थियो ।

उक्त छलफलमा उपप्रधानमन्त्री तथा गृहमन्त्रीले दोषीलाई कारबाही गर्ने प्रतिबद्धता जनाउनुभएको थियो । छलफलबाटै अस्पतालमा चिकित्सक, स्वास्थ्यकर्मी तथा अस्पतालको कुनै कमजोरी भएको लागेमा उजुरी गर्ने निकाय र प्रक्रियाबारे जानकारी गराउने तथा स्वास्थ्यकर्मी एवं स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी ऐनलाई नागरिक बडापत्रमार्फत टाँस गर्ने निर्णय गरिएको थियो ।

छलफलले देशभरका विभिन्न स्थानमा चिकित्सक तथा स्वास्थ्यकर्मीमाथि भौतिक आक्रमण गर्नेलाई कडा कारबाही गर्ने निष्कर्ष निकालेको थियो ।


## बालविवाह विरुद्ध अपील
## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ । विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । नेपालमा कानुनत: विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ । त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो ।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने ।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने ।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने । अपाङ्गता भएका सन्तान जन्मन सक्ने ।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने ।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने ।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गाह्रों हुने ।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हननमात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो । तसर्थ बालविवाह नगरौं नगराऔं ।*

**बालविवाह सम्बन्धी कानुनी व्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट व्यवस्था गरेको छ । यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने व्यक्तिको उमेर निर्धारण गरेको छ । जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुँदैन भन्ने ब्यवस्था गरेको छ । उपदफा १ बिपरित भएको बिवाह स्वत:बदर योग्य हुने छ । यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ । बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने ब्यवस्था कानूनले गरेको छ । तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं । बालविवाह रोक्न आजैदेखि पहल गरौं ।

**अनुरोधकर्ता**

**अग्निसाइर कृष्णासवरण गाउँ कार्यपालिकाको कार्यालय, सितापुर, सप्तरी**


## विश्व समाचार

### निज्जर हत्यामा भारत संलग्न रहेको प्रमाण पेश गर्न क्यानडालाई चुनौती

न्युयोर्क, १० असोज (रासस/एएनआई) ।

भारतले शिख पृथकतावादी नेताको हत्यामा भारत संलग्न रहेको प्रमाण पेश गर्न क्यानडालाई चुनौती दिँदै त्यससम्बन्धमा क्यानडासँग जानकारी मागेको छ । साथै नयाँदिल्लीले हरदीपसिंह निज्जर हत्यासम्बन्धमा क्यानडाले उपलब्ध गराउने कुनै पनि विशेष सूचनामा आधारित भएर अनसुन्धान अघि बढाउन भारत तत्पर रहेको स्पष्ट गरेको छ ।

संयुक्त राष्ट्रसङ्घको ७८ औं महासभामा सहभागी हुने सिलसिलामा न्युयोर्कमा रहनु भएका भारतका विदेशमन्त्री एस जयशङ्करले मङ्गलबार आयोजित एक कार्यक्रममा निज्जर हत्याको सूचनामा छलफल गर्न भारत खुला रहेको बताउनुभयो ।

हालै क्यानडाले निज्जर हत्यामा भारतीको हात रहेको 'विश्वसनीय जानकारी' आफूसँग रहेको र त्यसको अनुसन्धान गरिरहेको बताएपछि ओटावा र नयाँदिल्लीबीचको सम्बन्ध नराम्ररी चिसिएको छ । आपसी सम्बन्धमा यति तिक्ततापूर्ण बनेको छ कि दुई देशले कूटनीतिक कर्मचारीलाई निष्काशन गर्नेदेखि भिसा नदिनेसम्मका निर्णय गरेका छन् ।

भारतले क्यानाडको विश्वसनीय सूचनालाई उक्त दावीलाई आधारहीन भन्दै खारेज गरेको छ । भारत सरकारले क्यानडालाई हत्याको बारेमा कुनै पनि सान्दर्भिक आरोपमा छानबिन गर्न खुला रहेको बताएको जानकारी दिँदै विदेशमन्त्री जयशङ्करले त्यसमा दिल्लीको कुनै भूमिका नभएको दोहोऱ्याउनुभयो । उहाँले निज्जर हत्यामा भारत संलग्न रहेको प्रमाण पेश गर्न क्यानडालाई चुनौती पनि दिनुभयो ।

हरदीप सिंह निज्जरको गत जुन महिनामा ब्रिटिस कोलम्बियाको एउटा मन्दिर बाहिर गोली हानी हत्या भएको थियो । उनलाई सन् २०२० मा भारतले आतङ्कवादी घोषणा गरेको थियो । यद्यपि उनका समर्थकहरूले यसलाई अस्वीकार गर्दै आएका छन् ।

पश्चिमा देशहरूमा पृथकतावादीहरूको खालिस्तान वा छुट्टै शिख मातृभूमिको माग गर्दै विरोधप्रदर्शन गर्नेलगायत भारत विरोधी गतिविधिप्रति भारत सरकारले आपत्ति जनाउँदै आएको छ ।

सन् अस्सीको दशकमा शिख बहुल पञ्जाब राज्यमा केन्द्रित हिंसात्मक विद्रोहले खालिस्तान आन्दोलनको रुप लिएको हो । यो आन्दोलन भारतमा मत्थर भए पनि क्यानडा, अष्ट्रेलिया र बेलायत जस्ता देशका शिखले बेलाबखत भारत विराधि गतिविधि गर्दै आएका छन् ।

### राष्ट्रपतिको कुकुरले फेरि मान्छे टोक्यो !

वासिङटन, १० असोज (रासस/एएनआई) ।

अमेरिकी राष्ट्रपति जो बाइडेनको दुई वर्षीय जर्मन शेफर्ड कमाण्डरले सोमबार साँझ ह्वाइट हाउसमा कार्यरत अमेरिकी गुप्तचर सेवाका एक जनालाई फेरि टोकेको छ । राष्ट्रपतिको कुकुरले ह्वाइट हाउसका कर्मचारीलाई टोकेको यो ११औं घटना हो । घाइते ती सुरक्षाकर्मीको अस्पतालमा उपचार भइरहेको छ ।

कमाण्डर बाइडेन परिवारका दुई जर्मन शेफर्डमध्ये कान्छो हो । यसअघि उसले डेलावेयरस्थित राष्ट्रपतिको निवासमा पनि एक जना कर्मचारीलाई उनको हात र तिघ्रामा टोकेपछि उनलाई अस्पतालमा भर्ना गरिएको थियो । सिक्रेट सर्भिसका प्रवक्ता एन्थोनी गुग्लिएल्मीका अनुसार सोमबार साँझ वर्दिलगाएका गुप्तचर सेवाका एक जना कर्मचारीलाई कमाण्डरले टोकेको हो ।

गत जुलाईमा ह्वाइट हाउसका अधिकारीहरूले कर्मचारीहरूमाथि निरन्तर हमला हुन थालेपछि कमाण्डरलाई नियन्त्रण गर्ने तालिम र प्रविधिको खोजिभइरहेको बताएका थिए । कुकुरको टोकाइबाट पीडित ती अधिकारीले सिक्रेट सर्भिस डिभिजन प्रमुख अल्फोन्सो एम डायसनलाई आफ्नो स्वास्थ्यस्थिति प्रतिकूल नरहेको जानकारी दिएका छन् ।

### वैवाहिक समारोहस्थलमा आगो सल्किदा एक सय जनाको मृत्यु

कराकोश (इराक), १० असोज (रासस/एएफपी) ।

उत्तरी इराकी सहर काराकोशमा एउटा विवाह समारोह भइरहेको स्थानमा आगलागी हुँदा कम्तीमा एक सय जनाको मृत्यु हुनाका साथै एक सय ५० भन्दाबढी घाइते भएका अधिकारीले बुधवार बिहान जानकारी दिएका छन् ।

मोसुलको पूर्वमा रहेको इशाई धर्मावलम्बीको बाहुलता रहेको शहरको मुख्य अस्पतालमा एएफपीका फोटोग्राफरले एम्बुलेन्सले जलेका मानिस ल्याएको देखेका तथा उनीहरूलाई रक्तदान गर्न अस्पतालको आँगनमा कैयौं मानिस भेला भएका बताएका छन् ।

अत्यधिक ज्वलनशील पदार्थले सखाप पार्ने कम गुणस्तरको निर्माण सामग्रीले बनेको विवाह समारोह आयोजना गरिएको हलको छत नै खस्दा यति धेरै मानिसले ज्यान गुमाएका अधिकारीले बताएका छन् ।

इराकको आधिकारिक समाचार समितिले निनेवेह प्रान्तका स्वास्थ्य अधिकारीहरूलाई उद्धृत गर्दै हमदानियाहमा विवाह समारोह भइरहेको एउटा हलमा भएको आगलागीमा एक सय जनाको मृत्यु तथा एक सय ५० भन्दाबढी घाइते भएका जनाएको छ । इराकी स्वास्थ्य मन्त्रालयका प्रवक्ता सैफ अल-बद्रले पनि मृतकको उक्त सङ्ख्या एएफपीलाई पुष्टि गर्नुभएको छ ।

अस्पताल भर्ना भएका अधिकांश बिरामी जलेका, अक्सिजन अभावका कारण श्वासप्रश्वासमा समस्या भएका तथा केही भने भीडले कुल्चिदा घाइते भएका छन् ।

मङ्गलबार साँझ उक्त दुर्घटना भएको हो । यद्यपि आगलागी के कारणले भएको हो भन्ने अहिलेसम्म थाहा हुन सकेको छैन । प्रारम्भिक विवरणअनुसार पटाका पड्काउँदा आगलागी भएको बताइएको छ ।

दुलहा र दुलही पनि आगोको चपेटमा परे वा नपरेको केही जानकारी प्राप्त भएको छैन । दुवै जनाले नाच्न थालेपछि आगो सल्किएको जनाइएको छ ।

# कोशीमा डेङ्गुबाट १७ जनाको मृत्यु, तीस हजार बढी संक्रमित

झापा, १० असोज (रासस)।

डेङ्गु सङ्क्रमणबाट कोशी प्रदेशमा गत साउनदेखि हालसम्ममा १७ जनाको मृत्यु भएको छ भने ३० हजार तीन सय ३० जना सङ्क्रमित भएका छन्।

तीमध्ये सबैभन्दा बढी सुनसरी जिल्ला प्रभावित बनेको छ। सुनसरीमा गत साउनदेखि हालसम्ममा १३ जनाको मृत्यु भएको छ भने १९ हजार चार सय ३२ जना सङ्क्रमित भएको कोशी प्रदेश स्वास्थ्य निर्देशनालय धनकुटाका जनस्वास्थ्य अधिकृत विवेचना चम्लागाईंले जानकारी दिनुभयो।

कोशी प्रदेशको १४ जिल्लामै डेङ्गु फैलिएको छ। उहाँका अनुसार मोरङमा चार हजार दुई सय ४२ जना सङ्क्रमित छन् भने एक जनाको मृत्यु भएको छ। झापामा दुई हजार नौ सय ६४ जना सङ्क्रमित भएका छन् भने दुई जनाको मृत्यु भएको उहाँको भनाइ छ। उदयपुरमा पनि एक जनाको मृत्यु भएको छ।

गर्मी र बर्खायाममा डेङ्गु फैलिने गरेको छ। डेङ्गुका अधिकांश बिरामी दुई महिनाभित्र फेला परेका हुन्। सुनसरीको बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान र झापालगायत अन्य जिल्लाका निजी तथा सरकारी अस्पतालमा डेङ्गुका बिरामीको उपचार भइरहेको छ।

साउनदेखि हालसम्ममा तेह्रथुममा दुई सय ११, पाँचथरमा तीन सय ३८, इलाम पाँच सय ३५, उदयपुर आठ सय १६, धनकुटामा चार सय ३२, भोजपुरमा तीन सय ३१, सङ्खुवासभा आठ सय ६७, ओखलढुङ्गा ४०, ताप्लेजुङमा ३३ र खोटाङमा ४५, सोलुखम्बुमा २० जना डेङ्गुका बिरामी फेला परेका छन्।

डेङ्गु सङ्क्रमण फैलिएसँगै प्रदेशका सबै पालिकाले डेङ्गुको लार्भा खोजेर नष्ट गर्ने, औषधि छिट्नेलगायतका कामसहित जनचेतनामूलक कार्यक्रम गर्दै आएका छन्। यद्यपि डेङ्गु सङ्क्रमितको सङ्ख्या झन् बढ्दो रहेको छ।

स्वास्थ्यकर्मीका अनुसार तीव्र ज्वरो आउनु डेङ्गुको लक्षण हो। खानामा स्वाद थाहा नहुनु, टाउको दुख्नु, गम्भीर अवस्थामा आँखा र नाकबाट रगत बग्नुजस्ता लक्षण डेङ्गुका बिरामीमा देखिन्छन्।

# मङ्गोलियाविरुद्ध नेपालको कीर्तिमानी जित

हाङझाउ (चीन), १० असोज (रासस)।

१९औँ एसियाली खेलकुद, २०२२ अन्तर्गत पुरुष क्रिकेट प्रतियोगितामा नेपालले पहिलो खेलमा बुधबार मङ्गोलियासित कीर्तिमानी जित निकालेको छ। केहीबेर अघि सम्पन्न खेलमा नेपालले मङ्गोलियालाई दुई सय ७३ रनले पराजित गरेको हो। पुरुष क्रिकेटमा नेपालको यही नै अहिलेसम्मको ठूलो जित हो।

झेजियाङ युनिभर्सिटी अफ टेक्नोलोजी पिङफेङ क्रिकेट मैदानमा मङ्गोलियाले टस जितेर नेपाललाई ब्याटिङको निम्तो दिएको थियो। नेपालले निर्धारित २० ओभरमा तीन विकेट गुमाएर तीन सय १४ रन बनायो। नेपालले दिएको तीन सय १५ रनको लक्ष्य पछ्याएको मङ्गोलिया १३ दशमलव एक ओभरमा ४१ रनमै अलआउट भयो। उसका लागि जम्यासुरेनले १० रन जोड्नुबाहेक अरु ब्याटरले सम्झिनलायक ब्याटिङ गर्न सकेनन्।

बलिङतर्फ नेपालका करण केसी, अभिनास बोहरा र सन्दीप लामिछानेले दुई-दुई तथा सोमपाल कामी, कुशल भुर्तेल र दीपेन्द्रसिंह ऐरीले एक-एक विकेट लिए।

यसअघि मङ्गोलियाविरुद्ध ब्याटिङ गर्ने क्रममा कुशल मल्ल र दीपेन्द्रसिंह ऐरीले कीर्तिमानी ब्याटिङ गरे। कुशल मल्लले ३४ बलमै शतक प्रहार गर्दै अर्को विश्व कीर्तिमान बनाए। यसअघि सर्वाधिक छिटो शतकको कीर्तिमान दक्षिण अफ्रिकाका डेभिड मिलर, चेक रिपब्लिकका सुदेश विक्रमाशेखर र भारतका रोहित शर्माले बनाएका थिए। उनीहरूले ३५ बलमै शतक बनाएका थिए।

दीपेन्द्रसिंह ऐरीले मात्र नौ बलमा अर्धशतक बनाएर अर्को विश्व कीर्तिमान बनाए। यसअघि भारतका युबराज सिंहले १२ बलमा अर्धशतक बनाएका थिए। कुशल मल्लले ५० बलमा अविजित एक सय ३७ रन तथा ऐरीले १० बलमा अविजित ५२ रन बनाए। मल्लले यस क्रममा १२ छक्का र आठ चौका तथा ऐरीले आठ छक्का प्रहार गरे। यस्तै कप्तान रोहितकुमार पौडेलले २७ बलमा ६१, कुशल भुर्तेलले २३ बलमा १९ तथा आसिफ शेखले १७ बलमा १६ रन बनाए। नेपालले समूह चरणको अर्को खेल माल्दिभ्ससित खेल्नेछ।


## मैथिली विकिमिडियन्स

राजविराज, सप्तरी

**कर्मचारी आवश्यकता**

**पहिलो पटक प्रकाशित सूचना मितिः २०८०/०६/११ गते**

यस मैथिली विकिमिडियन्समा तपसिल बमोजिमको कर्मचारी आवश्यकता भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र तोकिएको कागजातसहित दरखास्त दिनहुन यो सूचना प्रकाशित गरिएको छ।

| क.सं. | विज्ञापन नं. | पद | माग संख्या |
|---|---|---|---|
| १ | १/२०८०/०८१ | असिस्टेन्ट इभेन्ट म्यानेजर | १ (एक) जना |

**आवश्यक न्यूनतम योग्यताः**
१.कुनै पनि विधामा स्नातक तह उत्तीर्ण गरेको हुनुपर्ने।
२.अङ्ग्रेजी भाषामा लेखपढ गर्नसक्ने।
३.गुगल सुट (गुगलका विभिन्न उत्पादहरू जस्तै- जिमेल, गुगल डक्स, गुगल सिट, गुगल ड्राइभ आदि) को बारेमा राम्रो ज्ञान भएको।
४.सामाजिक सञ्जालको प्रयोग सम्बन्धमा ज्ञान शिप भएको।
५.महिलालाई विशेष प्राथमिकता दिइनेछ।

**परीक्षाको किसिमः** कम्प्युटर ज्ञान तथा भाषा परिक्षण र अन्तर्वार्ता।
**तलब स्केलः** संस्थाको नियमानुसार।
**संलग्न गर्नुपर्ने कागजातहरूः**
१.पासपोर्ट साइजको फोटो र नेपाली नागरिकताको छाँया प्रति।
२.शैक्षिक योग्यताको प्रमाणपत्रहरूको छाँया प्रति।
३.बायोडाटा।

विज्ञापन सम्बन्धी थप जानकारीको लिनको लागि +९७७-९८०१५१५०१५मा सम्पर्क गर्नुहोला। कर्मचारी भर्ना सम्बन्धी अन्तिम निर्णय संस्थामा निहित हुनेछ।


# २२ प्रहरीलाई सात दिनभित्र सम्पर्कमा आउन निर्देशन

काठमाडौँ, १० असोज (रासस)।

नेपाल प्रहरीको प्रहरी प्रधान कार्यालयले कार्यालयको सम्पर्कमा नरहेका २२ जना प्रहरीलाई सात दिनभित्र सम्पर्कमा आउन निर्देशन दिएको छ।

हेडक्वाटरले बुधबार गैरहाजिर प्रहरीहरूको नामावलीसहित एक सार्वजनिक गर्दै सात दिनभित्र कार्यालयमा हाजिर हुन आउन निर्देशन दिएको केन्द्रीय प्रहरी प्रवक्ता तथा प्रहरी नायब महानिरीक्षक कुबेर कडायतले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "लामो समयदेखि आफूखुसी कार्यालयमा गैरहाजिर भएका र खोजतलास गर्दा पनि नभेटिएकाले बुधबार सूचना प्रकाशित गरी गैरहाजिर हुनाका कारण खुलाई स्पष्टीकरण पेस गर्न एक हप्ताको म्याद दिई सम्पर्कमा आउन भनेका छौँ।"

प्रहरी प्रधान कार्यालयद्वारा बुधबार प्रकाशित सूचनाअनुसार गैरहाजिर भएका प्रहरी कर्मचारीहरूमा प्रहरी सहायक हबल्दारहरू अमित श्रेष्ठ, समीर दाहाल, जनम राई र कमल श्रेष्ठ रहेका छन्।

साथै प्रहरी जवानहरूमा निवास चौधरी, पूर्णबहादुर बली, हेमन्त कुमाल, प्रेम कुँवर, उमेश लामा, अमर डाँगी, दीपक राई, सुस्मत खड्का, केबोडलिङ आङदेम्बे, जीबहादुर पुन, राजकुमार महत, अनिल परियार, प्रकाश अधिकारी, आशामाया तामाङ, किशोर थारू, मोहनसिंह बिक, सुरेन्द्रबहादुर शाही र सन्तोष सुनार छन्।

# जसपाद्वारा केन्द्रीय नेतालाई जिम्मेवारी

काठमाडौँ, १० असोज (रासस)।

जनता समाजवादी पार्टी, (जसपा) नेपालले आफ्ना केन्द्रीय नेतालाई वडादेखि जिल्ला समितिसम्मको जिम्मेवारी तोकेको छ। सातवटै प्रदेशमा जसपाको तीनमहिने सङ्गठन विस्तार तथा सुदृढीकरण अभियानअन्तर्गत केन्द्रीय नेताहरूलाई उक्त जिम्मेवारी तोकिएको सो पार्टीले जनाएको छ।

यसअन्तर्गत बागमती प्रदेशअन्तर्गतका ६० जना पार्टीका केन्द्रीय समिति सदस्य र केन्द्रीय निकायका सदस्यहरूलाई सङ्गठन गठन, पुनःगठन तथा रुपान्तरणको जिम्मेवारी दिइएको सो पार्टीका प्रचार-प्रसार तथा प्रकाशन विभाग प्रमुख पूर्ण बस्नेतले जानकारी दिनुभयो।

उहाँका अनुसार जिम्मेवारी प्राप्त केन्द्रीय नेताहरूले यही असोज २० गतेभित्र प्रदेशअन्तर्गतका १३ वटै जिल्ला समन्वय समिति रुपान्तरण, गठन वा पुनःगठन गर्नुपर्ने छ। पालिका समितिको लागि असोज ३० गतेसम्मको समयसीमा तोकिएको छ।

यस अवधिमा स्थानीय तहदेखि प्रदेश समितिसम्मलाई आ-आफ्नो तहका जनवर्गीय सङ्गठन, पेसागत सङ्गठनको बैठके आयोजना, सङ्गठन गठन, पुनःगठनको कार्य पनि गर्न, गराउन भनिएको प्रकाशन विभाग प्रमुख बस्नेतले बताउनुभयो।

### *आज सार्वजनिक ...*

विज्ञप्तिमा मधेश प्रदेश सरकारको मन्त्रिपरिषद्को २०७९ चैत्र ९ गते बसेको बैठकले "पैगम्बर मोहम्मदको जन्म दिन" मा सार्वजनिक बिदा दिने निर्णय गरिएकोले सोही अनुसार २०८० असोज १० गते मन्त्रिस्तरबाट बिहीबार बिदा दिने निर्णय गरिएको जनाइएको छ।

### *कीर्तिमानले भरियो ...*

क्रिकेट प्रतियोगितामा छिटो शतक प्रहार गर्ने खेलाडी बनेका छन्। उनले ३४ बलमै शतक प्रहार गरेका थिए। कूल ५० बल खेलेका मल्लले १२ छक्का र आठ चौका प्रहार गर्दै १३७ रन बनाउँदै नटआउट रहे।

यसै खेलमा दीपेन्द्र सिंह ऐरीले पनि सबैभन्दा छिटो अर्धशतक प्रहार गर्ने खेलाडीका रूपमा नाम लेखाएका छन्। उनले ९ बल खेल्दै ५० रन बनाएका थिए। ऐरीले पहिलो छ बलमा छ छक्का प्रहार गरेर अर्को कीर्तिमान बराबरी गरेका छन्। यसअघि युवराज सिंह, क्रिस गेल र हज्रातुल्ला जाजाइले १२ बलमा अर्धशतक प्रहार गरी कीर्तिमान कायम गरेका थिए।

कुशल टी२० अन्तर्राष्ट्रिय प्रतियोगितामा सबैभन्दा कम उमेरमा शतक प्रहार गर्ने दोस्रो खेलाडी बनेका छन्। मल्ले १९ वर्ष २०६ दिनको उमेरमा शतक प्रहार गरेका हुन्। सबैभन्दा कम उमेरमा शतक प्रहार गर्ने कीर्तिमान भने गुस्तव मेक्कोनको नाममा छ।

साथै टी२० अन्तर्राष्ट्रिय खेलमा सबैभन्दा बढी रन अन्तरले पराजित गर्ने कीर्तिमान नेपालले बनाएको छ। नेपालले मङ्गोलियालाई २७३ रनले पराजित गरेको छ। यसअघि यो कीर्तिमान चेक रिपब्लिकले राखेको थियो। चेक रिपब्लिकले टर्कीलाई २५७ रनले पराजित गरेको थियो।

बुधबारको खेलमा अर्धशतक प्रहार गरेका दीपेन्द्र सिंह ऐरीले स्ट्राइक रेटमा पनि नयाँ कीर्तिमान कायम गरेका छन्। उनले १० बलमा ५२ रन प्रहार गर्दै ५२० को स्ट्राइक रेट बनाएका छन्। दश बलभन्दा बढी खेल्ने कुनै पनि खेलाडीले हालसम्म ५०० भन्दा बढीको स्ट्राइक रेटमा रन बनाएका छैनन्। यसअघि सन् २०१६ मा जिम्बाबेको घरेलु टी२० प्रतियोगितामा माल्क्लोम वालरले ४३० को स्ट्राइक रेटमा रन बनाएका थिए।

नेपालले मङ्गोलियाविरुद्ध प्रहार गरेको २६ वटा छक्काले पनि नयाँ कीर्तिमान कायम गरेको छ। यसअघि सन् २०१९मा अफगानिस्तानले आयरल्याण्डविरुद्ध, यसै वर्षको सुरुवातमा वेस्ट इन्डिजले दक्षिण अफ्रिकाविरुद्ध २२ वटा छक्का प्रहार गरेको थियो।

## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने।
२. विद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने।
६. सकभर अग्लो स्थानमा बस्ने।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ। तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने।
५. उपचारको व्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : राजविराज दैनिक**

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*